**बैठक नं. ३** **(बैठक संख्या १००)**

आज मिति २०८३/०५/०४ गते बिहान ११:०० बजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | कार्यपालिका सदस्य | श्री ईश्वरी काफ्ले | |
| ४ | कार्यपालिका सदस्य | श्री चेत बहादुर सुनारी | |
| ५ | कार्यपालिका सदस्य | श्री थमन बहादुर गाहा | |
| ६ | कार्यपालिका सदस्य | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | कार्यपालिका सदस्य | श्री खुमकान्त ब्रस्याल | |
| ८ | कार्यपालिका सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | कार्यपालिका सदस्य | श्री सरस्वती वि. क. | |
| १० | कार्यपालिका सदस्य | श्री विमला जि.आर | |
| ११ | कार्यपालिका सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | कार्यपालिका सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | कार्यपालिका सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | गाउँकार्यपालिका सचिव | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौं | श्री बिमला गैह्रे | |
| १६ | कार्यालय सहयोगी | श्री गंगा बहादुर गाहा | |
| | | | |

## बैठक नं. ३

मितिः २०८३/०५/०४

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो। साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो।

**निर्णय नं २**

**आ.व. २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धमाः** रम्भा गाउँपालिका गाउँसभाबाट स्वीकृत आ.व. २०८३/०८४ को आयोजना तथा कार्यक्रम यथाशिघ्र कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं ३**

**औद्योगिक ग्रामको हाल सम्मको प्रगति सहित संघीय सरकार समक्ष आवश्यक रकम माग गर्ने सम्बन्धमाः** रम्भा गाउँपालिका र  मन्त्रालय बिच रम्भामा औद्योगिक ग्राम निर्माण सम्बन्धमा भएको सम्झौता बमोजिम रम्भा गाउँपालिका वडा नं १ मा निर्माणाधिन औद्योगिक ग्रामको DPR अनुसार कुल लागत अनुमान रु ७९३१८०८५६ भएकोमा औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धी कार्यविधि,२०८१ को दफा १२ को अधिनमा रहि रु ४ करोडमा नबढ्ने गरी थप किस्ता उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र यस गाउँपालिकाबिच मिति २०८२/०१/०५ मा दोस्रो सम्झौता भएकोमा हालसम्म जम्मा रु १,००,००,०००(अक्षरेपि एक करोड मात्र) प्राप्त भएको र मन्त्रालयबाट निकासा भएको १,००,००,००० र गाउँपालिकाको ३२,६६,३५१।५२ बाट हालसम्म कम्पाउण्ड वाल मुख्य गेट चौकीदार कोठा खानेपानी ट्यांकी शौचालय प्रदर्शनी हल निर्माण भइसकेको र प्रशासनिक भवन झण्डै आधा भएको अवस्था रहेकोमा मन्त्रालय र गाउँपालिका बिच भएको सम्झौता बमोजिम  DPR मा उल्लेखित निर्माण कार्य सम्पन्न गर्नको लागि सम्झौता बमोजिम निकासा हुन बाँकी रकमको लागि औद्योगिक ग्रामको हालसम्मको प्रगति सहित संघीय सरकार समक्ष माग गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

**आर्थिक सहायता सम्बन्धमाः**

- यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

CamScanner

तपसिलः

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | विषय | सहायता रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनिसरा अर्याल रम्भा १ | गोठ र शौचालय क्षति | ७५०० | गरिव परिवार सहायता/अन्य सामाजिक सुरक्षा | |
| २ | पार्वती वि क रम्भा ३ | घर जोखिम | ७००० | गरिव परिवार सहायता/अन्य सामाजिक सुरक्षा | |
| ३ | टंक बहादुर रानाभाट रम्भा १ | गोठ जलेर क्षति भएको | ७५०० | गरिव परिवार सहायता/अन्य सामाजिक सुरक्षा | |
| ४ | टेक बहादुर आले रम्भा ३ | घरको आंशिक क्षति | ७००० | गरिव परिवार सहायता/अन्य सामाजिक सुरक्षा | |
| ५ | दिनानाथ अर्याल रम्भा ३ | घरको आंशिक क्षति | ७००० | गरिव परिवार सहायता/अन्य सामाजिक सुरक्षा | |
| ६ | लोक बहादुर रानाभाट रम्भा १ | गोठ र शौचालयमा क्षति | ८००० | गरिव परिवार सहायता/अन्य सामाजिक सुरक्षा | |

- आदिवासी जनजाति महासंघ रम्भा गाउँपालिकाबाट आदिवासी जनजाति दिवसको अवसरमा आयोजित कार्यक्रम संचालन बापत रु २४००० (अक्षेरपि चौविस हजार मात्र) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- रम्भा गाउँपालिका वडा नं १ मा अवस्थित रमणेश्वर मन्दिरमा रमणेश्वर महायज्ञ व्यवस्थापनको लागि रु ३१०००(अक्षेरपि एकतिस हजार मात्र) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ५**

**निर्णय नं ५**

**विद्यालय समायोजन गर्ने सम्बन्धमा:** जनज्योति आ.वि. रम्भा-१ लाई कृष्ण गण्डकी मा.वि. रम्भा-१, शंकर नरेश आ.वि. रम्भा-२ लाई साना हुँगी मा.वि. रम्भा-२, नवकिरण आ.वि. रम्भा-४ र जनप्रिय आ.वि. रम्भा- ४ लाई जनहित भगवति मा.वि. रम्भा-४ मा समायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

**सामुदायिक सिकाइ केन्द्र संचालनका सम्बन्धमा:** रम्भा गाउँपालिकाबाट संचालन अनुमति तथा संचालन भएका तपशिल बमोजिमका सामुदायिक सिकाइ केन्द्र बाट प्रवाह हुने सेवाहरु सम्बन्धित वडा कार्यालयबाट प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल:**

हुँगी सामुदायिक सिकाइ केन्द्र रम्भा १- रम्भा गाउँपालिका १ नं वडा कार्यालयबाट

हुमिन सामुदायिक सिकाइ केन्द्र रम्भा ४- रम्भा गाउँपालिका ४ नं वडा कार्यालयबाट

कोटथर गरिमा सामुदायिक सिकाइ केन्द्र रम्भा २- रम्भा गाउँपालिका २ नं वडा कार्यालयबाट

थानकुन गरिमा सामुदायिक सिकाइ केन्द्र रम्भा ३- रम्भा गाउँपालिका ३ नं वडा कार्यालयबाट

**निर्णय नं ७**

**हुमिन बर्थिङ सेन्टर सम्बन्धमा:** रम्भा गाउँपालिका वडा नं ४ मा अवस्थित हुमिन वर्थिङ सेन्टरमा प्रसुतिको लागि सेवाग्राही संख्या शुन्य देखिएको हुदाँ हुमिन वर्थिङ सेन्टर केहि समयको लागि बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

**भ्याट रकम दाखिला सम्बन्धमा:** रम्भा गाउँपालिका गाउँकार्यपालिकाको विभिन्न मितिमा निर्णय भई कालीगण्डकी नदिका विभिन्न घाटबाट अमानतमा नदिजन्य पदार्थ निकासीको क्रममा संकलित राजश्वको भ्याट दाखिला सम्बन्धमा महालेखा परीक्षकको आ.व. २०७९/०८० प्रतिवेदनबाट औल्याइएको भ्याट दाखिला रकम बाँकी रु १२४०८१(अक्षेरपि एक लाख चौविस हजार एकासी ) बेरुजु दाखिला शिर्षकबाट दाखिला गर्ने निर्णय गरियो ।

CamScanner